# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्यायबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय,

विरुद्ध

विद्युत प्रसारणको अनुमतिपत्र संख्या वि.वि.वि. ०६९।७०, वि.प्र. ०४७ को विद्युत प्रसारणको अनुमतिपत्र प्राप्त संस्था इष्टर्न हाइड्रोपावर प्रा.लि., तीनकुने, काठमाडौं ।

**विषयः**- अनुमतिपत्रको शर्त उल्लंघन ।

इष्टर्न हाइड्रोपावर प्रा.लि., तीनकुने, काठमाडौंलाई मिति २०७०।०२।०८ मा २.५ मेगावाट क्षमताको पिखुवा खोला जलविद्युत आयोजनाको ३३ के.भी. प्रसारण लाईन निर्माणका लागि अनुमतिपत्र (संख्याः वि.वि.वि. ०६९।७०, वि.प्र. ०४७) प्रदान गरिएको र उक्त अनुमतिपत्रको शर्त ६ (ट) मा संस्थाको स्वामित्व संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन भएमा सो को जानकारी विद्युत विकास विभागलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको छ । मिति २०७३।४।२७ मा उक्त कम्पनीको नियमावलीमा परिवर्तन गरी पब्लिक लिमिटेड कम्पनीमा परिवर्तन भएको र शेयर संरचनामा समेत हेरफेर भएको देखिन्छ । यसप्रकार कम्पनीको संरचनामा परिवर्तन गर्नुपूर्व विद्युत विकास विभागलाई जानकारी दिनुपर्नेमा सोको जानकारी दिएको देखिदैन । सो सम्बन्धमा विद्युत विकास विभागबाट उक्त कम्पनीलाई स्पष्टिकरण सोधिएकोमा उक्त कम्पनीले स्वामित्वको संरचनामा परिवर्तन गर्दा पूर्व जानकारी नदिएको विषयलाई स्वीकार गरी स्पष्टिकरण पेश गरेको देखिन्छ । इष्टर्न हाइड्रोपावर प्रा.लि. को उक्त कार्यबाट अनुमतिपत्रमा उल्लेखित शर्त उल्लंघन गरेको देखिएकोले विद्युत ऐन,२०४९ को दफा ३८ बमोजिम इष्टर्न हाइड्रोपावर प्रा.लि., तीनकुने, काठमाडौंलाई रु. ५,०००।- (अक्षेरुपी पाच हजार मात्र) जरिवाना गर्ने निर्णय गरिदिएको छु । अरु तपशील बमोजिम गर्नु ।

**तपशीलः**

१. इष्टर्न हाइड्रोपावर प्रा.लि.लाई निर्णय बमोजिम जरिवाना असुल गर्न मिसिल विद्युत विकास विभागमा पठाउनु ।
२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

अनुपकुमार उपाध्याय
सचिव

इति सम्बत २०७५ साल असोज १६ गते रोज २ शुभम्------------------------------------------------------- ।